जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२७ पृष्ठः ४ | २०८२ भदौ २० गते शुक्रबार (Friday 05 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा भेन्टिलेटरको अभावमा सर्पदंशको बिरामीको मृत्यु

सिरहा, १९ भदौ। सिरहास्थित प्रादेशिक अस्पतालमा 'भेन्टिलेटर'को सुविधा नहुँदा सर्पदंशका एक बिरामीको मृत्यु भएको छ। अस्पताललले बिरामीको अवस्था गम्भीर बनेपछि मात्रै अन्यत्र 'रेफर' गरिएको जनाउँदै पीडित पक्ष चिन्तित बनेका छन्। यहाँको औरही गाउँपालिका–३ खजनपुरका ५५ वर्षीय किसान राजेन्द्र यादवलाई यही भदौ १४ गते दिउँसो सर्पदंश भएपछि उनी आफैँ हिँडेर प्रादेशिक अस्पताल, सिरहा पुगेका थिए। तर, उपचार प्रक्रिया सुस्त हुँदा बिरामीको अवस्था गम्भीर बन्यो र अन्ततः अन्यत्र रेफर गरिएपछि मृत्यु भएको पीडित परिवारले आरोप लगाएका छन्।

यस घटनापछि सिरहा विकास मञ्चसहित पीडित परिवार र स्थानीयवासीले बुधबार अस्पताल परिसर र सिरहा बजार क्षेत्रमा विरोध प्रदर्शनसमेत गरेका थिए। मञ्चका संयोजक रामरिझन यादवले भने, "उपचार गर्न आग्रह गर्दागर्दै बिरामी बेहोस भए, अनि रेफर गरियो। समयमै उपचार भएको भए ज्यान बच्थ्यो। अस्पतालको चरम लापरबाहीको नतिजा हो यो।"

प्रदर्शनकारीले तीन बुँदे मागसहित प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्। मागमा कार्यक्षेत्रमा रहेका चिकित्सकमाथि कारबाही, अस्पतालमा सर्पदंश उपचारको उचित व्यवस्था र एक हप्ताभित्र सघन उपचार कक्ष ( आइसियू) तथा भेन्टिलेटर स्थापना गर्नुपर्ने उल्लेख छ। गरिब किसानहरू उपचार नपाएर ज्यान गुमाउने अवस्था आएको संयोजक यादवले गुनासो गरे।

यसबीच, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिलप्रसाद कुशवाहाले अस्पतालमा बिरामीलाई राख्नको लागि भेन्डिलेटर नभएकाले अन्यन्त्र रेफर गर्नुपरेको जानकारी दिए। उनले भने, "बिरामीलाई तत्काल १० भाइरल एन्टिस्नेक भेनम दिइएको थियो। तर, अवस्था गम्भीर भई भेन्टिलेटरको आवश्यकता देखिएपछि रेफर गर्नु परेको हो।"

## मोहम्मद जयन्तीको अवसरमा सार्वजनिक विदा

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १९ भदौ। मधेश प्रदेश सरकारले मोहम्मद जयन्तीको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको छ। बिहीबार मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले एक सूचनामार्फत भदौ २० गते शुक्रबार मुस्लिम धर्मावलम्बीहरुले मनाउने पर्व मोहम्मद जयन्तीको अवसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय भएको हो। मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ, "मधेश प्रदेश सरकारद्वारा २०८१ चैत २२ गतेको मधेश राजपत्रमा प्रकाशित २०८२ सालमा दिइने थप विदासम्बन्धी सूचनाअनुसार भदौ २० गते शुक्रबार मोहम्मद जयन्तीको दिन सार्वजनिक विदा दिने निर्णय भएको हो।" यसअघि नै प्रदेश सरकारले २०८२ सालका लागि सार्वजनिक बिदासूची प्रकाशित गरेको भए पनि थप विशेष अवसरका लागि विदा दिने व्यवस्था रहेको छ।

## मृतक सिटी रिक्सा चालकको परिवारलाई राहत वितरण

**जीवछ यादव**

लहान, १९ भदौ। लहान नगरपालिका– १९ कटहाका मृतक सिटी रिक्सा चालक परिवारलाई लहान नगरपालिकाको नगरप्रमुख महेश प्रसाद चौधरी घरमै पुगेर राहत वितरण गर्नु भएको छ। गएको भदौ १४ गते शनिबर विद्युत सिटि रिक्सामा चार्ज गरिरहेको समया ४७ वर्षीय अचकलाल सदायको मृत्यु भएको थियो। नगरप्रमुख चौधरी बुधबार एक क्विन्टल चामल, पाँच किलो दाल, तीन किलो नुन र तीन लिटर तेल लिएर लहान–१९ कटहास्थित मृतकको घरमा पुगेर परिवारलाई राहत सामग्री हस्तान्तरण गर्नुभएको थियो।

राहत पाएपछि मृतकका पत्नी सावित्री सदाय र क्रिया बसेका छोरा कृष्ण सदाय खुसी हुनुभएको थियो। यसैगरी, मृतकका श्रीमती सवित्रीले छोराका लागि रोजगागरीको व्यवस्था गरी दिन पनि नगरप्रमुख चौधरीसँग आग्रह गर्नुभयो। यता नगरप्रमुख चौधरीले लहान नगरपालिकामा अति विपन्न

–बाँकी दुई पेजमा

## प्रस्तावित 'संघ संस्था ऐन २०८२' विधेयक संशोधनको माँग गर्दै प्रजिअलाई बुझाए ज्ञापनपत्र

सिरहा, १९ भदौ। गैरसरकारी संस्था महासंघ सिरहाले प्रस्तावित 'संघ संस्था ऐन २०८२' को मस्यौदा विधेयक संशोधनको माँग गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत गृहमन्त्रालयलाई ज्ञापनपत्र बुझाएको छ। महासंघका अध्यक्ष गोविन्द राज विष्टसहित महासंघका टोलिले १८ बुँदे संशोधनकोमाँग गर्दै प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीमार्फत गृहमन्त्रालयलाई ज्ञापनपत्र बुझाएको हो।




महासंघले बुझाएको ज्ञापनपत्रमा मानव अधिकार, सामजिक रुपान्तरण र सामुदायीक विकासमा क्रियाशिल नागरिक तथा सामाजिक संघ संस्थाहरुले विगत लामो समयदेखि नागरिक समाज संस्था मैत्री सामाजिक विकास अर्थात संघ संस्था ऐन माँग गरिरहेको सन्दर्भमा नेपाल सरकार गृह मन्तालयले राष्ट्रिय निर्देशक ऐन, २०१८, संस्था दर्ता ऐन २०३४ र समाज कल्याण दर्ता ऐन २०४९ लाई एकीकृत गरी 'संघ संस्था एने २०८२' को मस्यौदा तयारगरी सार्वजनिक गरिएको छ। त्यसैगरी लोकतन्त्रमा मुख्य सरोकारवालाका रुपमा रहेका नागरिक तथा सामाजिक संघ संस्थाहरु लाई १६ औं पञ्चवर्षिय योजना र नेपाल सरकारको नीती तथा कार्यक्रमले राज्यको प्रमुख विकास साझेदार हो भनि पहिचान गरेको अवस्थामा नागरिक संघ संस्थाको योगदानको अबमुल्य हुने गरि सरोकारबालाको सहभागीताविना एकतर्फी रुपमा आएको ऐन पहिलो दृष्टि मै खारेज योज्य देखिन्छ।'

'संघ संस्था एने २०८२' को मस्यौदाका अधिकांश प्रावधानहरुले नागरिक संघ–संस्थाहरुलाई थप संकुचित पार्ने, संस्थालाई सहजीकरण तथा सबलीकरणको सट्टा संस्थाको अधिकार हनन् गर्ने, व्यक्तिले उपयोग गर्न पाउने अधिकारको कटौती गर्ने, नागरिक सहभागिताको भूमिकालाई कटौती गर्ने साथै नागरिक स्वतन्त्रता, समावेशिता र पारदर्शिताको साझा मूल्याहरुमा समेत प्रहार गरेको ठकहर गर्दै लोकतान्त्रिक मूल्य–मान्यता,

–बाँकी दुई पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु।

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौ.
- व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्डर बैंक विवरण) कसैसँग पनि साझा नगरौ,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौ,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ मिल्दैन सो बारे जानकारी राखौ.
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौ,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौ.
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौ.
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## दलितविरुद्धको दमन :
## राज्यको कानुन कि जातीय अत्याचार?

सिरहा जिल्लाको सुखिपुर नगरपालिका–१० स्थित विश्वकर्मा चोकमा बुधवार बिहान गणपैत मलिक (डोम) परिवारमाथि भएको कुटपिट, अपमान र दमनको खबरले फेरि एकपटक नेपाली समाजमा गहिरो रूपमा गढिएको जातीय विभेदको कुरूप अनुहार उजागर गरेको छ। "विहान–विहानै अछुतको मुख देखियो" भनेर एक परिवारमाथि हमला हुनु केवल व्यक्तिगत झगडा होइन, यो सामाजिक संरचनाभित्रको गम्भीर जातीय मानसिकताको प्रतिफल हो।

गणपैत मलिककी श्रीमती समुन्द्रा मलिक र ज्वाइँ संजय मलिकलाई सहदेव महतो, सुकदेव महतो, श्यामसन्दर महतो र नागेन्द्र महतोको समूहले कुटपिट गर्नु कुनै सामान्य घटनाको संज्ञा दिन सकिँदैन। अझ पीडित पक्षका अनुसार उनीहरूलाई जबरजस्ती आफ्नो बासस्थानबाट विस्थापित गर्ने योजनासहित लामो समयदेखि धाक–धम्की, गाली–गलौज, अपमान र हिंसा हुँदै आएको छ। स्थानीय वडा अध्यक्ष देव नारायण यादवले समेत महतो समूहले डोम परिवारलाई सताइरहेको पुष्टि गर्दै आएको कुरा यस घटनालाई झनै गम्भीर बनाउँछ। उनले व्यक्त गरेको पीडित परिवारमाथिको विगतका दमन—जस्तै फोहोर पानी घरआगाडि खसाल्ने, विष खुवाएर करिब ७ लाख रुपैयाँ बराबरको सुँगुर मारेको जस्ता कार्य—स्पष्ट रूपमा योजनाबद्ध र जातीय घृणाले प्रेरित छ। यस्तो अवस्थालाई नजरअन्दाज गर्नु राज्य, समाज र प्रशासन सबैको सामूहिक असफलता ठहर्छ।

यस्तो विभेदको जरा हाम्रो समाजमा सदियौंअघिदेखि गाडिएको छ। दलित समुदायप्रति हुने यो प्रकारको अमानवीय व्यवहारलाई अपराधको रूपमा हेर्नुको सट्टा समाजले अझै पनि मौन समर्थन दिने अवस्था भयावह छ हामी कानुनतः समानता र मानव अधिकारको कुरा गर्छौं, तर व्यवहारमा त्यही कानुन दलितहरूका लागि सधैं दूरदर्शी साबित हुन्छ। यस घटनाले देखाउँछ—नेपालमा दलित समुदाय अझै पनि दोश्रो दर्जाको नागरिकझैं व्यवहार भोग्न बाध्य छन्। प्रश्न उठ्छः जब पीडितले प्रहरीमा गुनासो गर्छन्, किन पीडकहरू कारवाहीको दायरामा आउँदैनन्? अध्यक्ष यादवका अनुसार, पीडित परिवारले इलाका प्रहरी कार्यालय पतारिमा समेत छलफलको पहल गरेका थिए तर पीडक पक्ष अनुपस्थित रह्यो। यसको अर्थ के हो? राज्यसंस्थाले पीडितको पक्षमा उभिन नसक्नु भनेको पीडकको हौसला बढाउनु हो। समाजमा समानता ल्याउन बनेका कानुन, संविधानको धारा, दलित संरक्षणका नीति कागजमा मात्र सीमित रहँदा यस्ता घटना पटक–पटक दोहोरिन्छन्। अब समय आएको छ—यी कानुनको कडाइका साथ कार्यान्वयन गरियोस्। राज्य संयन्त्र, स्थानीय प्रशासन, प्रहरी र न्यायपालिकाले पीडितको सुरक्षामा गम्भीरता देखाउनुपर्छ। पीडकहरूलाई कानुनी कठघरामा उभ्याएर उदाहरणीय सजाय दिनु आवश्यक छ, ताकि यस्ता घटना फेरि नदोहोरियोस्।

साथै, समाजको चेतना पनि अब बदलिनुपर्छ। 'अछुत' भन्ने शब्द आफैंमा गाली हो—अनि यति ठूलो मानव सभ्यतामा यो सोच रहिरहँदा हामी कसरी समानता र समावेशीता चाहन्छौं? शिक्षित वर्ग, संचारमाध्यम, नागरिक समाज सबैले यस्ता विषयमा अब मौन बस्न छोड्नुपर्छ। अन्यायप्रति मौन रहनु अन्यायलाई अनुमोदन गर्नु हो।

डोम परिवारजस्तै हजारौं दलितहरू अहिले पनि शहरी र ग्रामीण क्षेत्रमा बसोबास गर्दै छन्, तर उनीहरूको अस्तित्वमाथि जहिल्यै प्रश्न उठाइन्छ। गणपैत मलिकको परिवारमाथि भएको आक्रमण केवल उनीहरूको पीडा होइन, यो सम्पूर्ण दलित समुदायमाथिको अपमान हो।

त्यसैले, यो घटना केवल समाचार बन्न नदिऔं—यसलाई परिवर्तनको निम्ति चेतनाको आवाज बनाऔं। पीडितलाई न्याय दिनु, दोषीलाई कारबाही गर्नु र समाजमा सहिष्णुता विकास गर्नु हाम्रो सामूहिक दायित्व हो। अब पनि चुप बस्ने हो भने, हामी स्वयं पनि यस्ता अन्यायका साझेदार बन्छौं।

### मृतक सिटी ...

दलित समुदायका रुपमा रहेका मुसहर समुदायको मृत्यु भएपछि मृत्यु संस्कार गर्न नगद पाँच हजार र खाद्यान्न सहयोग गर्ने कार्य आफू नगरपालिकामा निर्वाचित भएदेखि नै गर्दै आइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "मुसहर समुदायको उत्थानका लागि मुसहर समुदायको बस्तीमा टियुशन कक्षा, शैक्षिक सामग्री वितरण, खानेपानी र आपवासको लागि लहान नगरपालिकाले कार्य गरिरहेका छौं। यस आर्थिक वर्षमा फुस घर विस्थापन कार्यक्रम ल्याएर आवासको समस्या समाधान गर्न लागेका छौं।"

### प्रस्तावित 'संघ...

संवैधानिक अधिकार, नागरिक स्वतन्त्रता र सरोकारवालाको सहभागितामा मस्यौदामा रहेका त्रुटीहरु तत्काल सच्याउन गृह मन्त्रालय र सरोकारवालाहरुसँग अपीलगर्दछौं। ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

# नयाँ शिक्षा ऐन : निजी विद्यालयका लागि अवसर वा चुनौती ?



डा. जीवराज आचार्य

नेपालको शिक्षा क्षेत्रमा लामो समयदेखि एउटा गम्भीर द्वन्द्वको सामना गर्दै आएको छ। परम्परागत सोच, शैली र केही शिक्षकको जागिरे प्रवृत्तिका कारण सरकारी सामुदायिक विद्यालयको अवस्था नाजुक छ। अर्कोतर्फ निजी विद्यालयहरूको नवीनतम विधिको प्रयोग, सन्तोषजनक परीक्षाफलसहितको बढ्दो प्रभाव छ। यसैबिच सरकारले प्रतिनिधिसभामा पेस गरेको नयाँ शिक्षा विधेयकले एउटा ठुलो बहसको सुरुवात गरेको छ। यो लेखले यस विधेयकको विशेष गरी निजी विद्यालयमा पर्ने सम्भावित प्रभावको विश्लेषण गर्ने प्रयास गरेको छ।

नेपालमा निजी शिक्षण संस्थाहरूको उदय १९९० को दशकपछि बढेको हो। देशमा आर्थिक उदारीकरणको सुरुवात भएसँगै शिक्षा क्षेत्रमा पनि निजी लगानी बढ्न थाल्यो। सरकारी सामुदायिक विद्यालयहरूमा रहेको सीमित सुविधा, बढ्दो जनसंख्या र शैक्षिक गुणस्तरमा आएको गिरावटले गर्दा निजी विद्यालयप्रति अभिभावकहरूको रुझान बढ्यो।

यसका साथै केही गम्भीर समस्या पनि देखा पर्दै गए। उदाहरणका लागि, अत्यधिक शुल्क लिने प्रवृत्ति, सामाजिक असमानतामा वृद्धि, शिक्षाको व्यावसायीकरण, कमजोर नियमन प्रणाली प्रमुख रहे। यद्यपि नेपालमा शिक्षामा निजी संस्थागत विद्यालयहरूले शिक्षामा नवीनतम प्रयोग पनि गर्दै गए। शिक्षामा विश्वव्यापी मान्यताहरू स्थापित गर्दै, गराउँदै गए। यसो फर्केर हेर्दा निजी क्षेत्रले पुर्‍याउँदै आएको योगदान निकै उच्च छ। हुन त कण्ठ गराएर अवाञ्छित प्रक्रियाबाट नतिजा उत्कृष्ट देखाई अभिभावक आकर्षण गर्ने र समाजमा आफूलाई जबर्जस्ती अब्बल साबित गर्ने अभ्यास पनि निरन्तर भए। आफूलाई उत्कृष्ट देखाएर अभिभावकहरूबाट अस्वाभाविक चर्को शुल्क लिने प्रवृत्ति पनि देखियो। यही सेरोफेरोमा समाजमा मिश्रित खालको सोच विकसित हुँदै गयो। सामाजिक परिवर्तन र आन्दोलनमा पनि निजी क्षेत्र आँखाको तारो बन्यो। नेपालमा नयाँ गणतान्त्रिक संविधान निर्माण भएपछि शिक्षालाई मौलिक हकभित्र राखी माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने संवैधानिक प्रावधान र फरक राजनीतिक चेतका कारण समग्र शिक्षा क्षेत्र सुधार हेतुले शिक्षा विधेयक २०८१ सदनमा प्रस्तुत भयो।

यसबिच कैयौँपटक सामुदायिक विद्यालयसम्बद्ध शिक्षकहरू आन्दोलित भए भने कैयौँपटक विभिन्न खाले आन्दोलनमा निजी संस्थागत विद्यालयसम्बद्ध पक्ष आन्दोलित भए र भइरहेका छन्। यहाँ यही सन्दर्भमा शिक्षा विधेयकमा केही छलफल गर्न खोजिएको छ।

**नयाँ शिक्षा विधेयकका प्रमुख बुँदा**

**क) शुल्क नियमन व्यवस्था**

नयाँ विधेयक अनुसार प्रदेश सरकारले शुल्क नियमन समिति गठन गर्नेछ। यस समितिको मुख्य जिम्मेवारी विद्यालयले लिने शुल्क निर्धारण गर्ने र यसको कार्यान्वयनमाथि नियन्त्रण राख्ने हुनेछ। यसबाट अभिभावकहरूमाथिको विद्यालयले लिने अधिकतम शुल्क नियन्त्रण गरी आर्थिक सहजीकरण गर्ने, शिक्षा सेवामा पारदर्शिता कायम गर्ने र सबै वर्गका विद्यार्थीलाई शिक्षा सर्वसुलभ हुने अपेक्षा गरिएको छ।

प्रश्न उठ्छ, के सरकारी निकायबाट तोकिने शुल्क विद्यालयहरू खासगरी निजी विद्यालय सञ्चालन हुन सक्छन् ? के यसरी तोकिएको शुल्कले आज ससारका प्रचलित विधि, स्रोत र सामग्री जुटाई उच्च स्तरको शिक्षा दिन निजी संस्थागत विद्यालय सक्षम होलान् ? के सरकारी ढाँचामा विद्यालय चल्दा अभिभावक सन्तुष्ट होलान् ? के साँच्चै निजी विद्यालयले अचाक्ली शुल्क लिएकै हुन् ? सुविधा र शुल्क साथसाथै चल्ने पक्ष होइनन् र ? यी प्रश्नको स्वाभाविक उत्तर विधेयकवालासँग छैन। यी विधेयकवालालाई पनि पढाउन त निजीमै पर्छ तर विरोध र कुतर्क पनि यिनैलाई गर्नुपर्छ। यस्ता कुराले निजी लगानीकर्ताको उत्साहमा कमी आउँछ। वैज्ञानिक र समय सापेक्ष नियमन, मूल्याङ्कन गर्दै शिक्षा विस्तार, विधि विस्तारको साथमा क्षमता विकास र विस्तारमा स्वस्तन्त्र राख्नु जरुरी छ।

**ख) छात्रवृत्ति कोटा**

प्रत्येक निजी विद्यालयले आफ्ना कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ। यो पक्ष अहिले प्रायः सबै विद्यालयले अङ्गीकार गरिरहेको छ। भन्नलाई १० प्रतिशत भने पनि विभिन्न शीर्षकमा प्रदान गरिने सहुलियत र छात्रवृत्ति तोकिएको १० प्रतिशतभन्दा धेरै नै हुन्छ। यहाँ निजी संस्थागत विद्यालयहरू स्वाभाविक छात्रवृत्तिसँग भाग्ने र डराउने भन्ने हुने कुरै भएन, तर विद्यालयले उत्पादन नगरेका विषयवस्तु समेत छात्रवृत्ति क्षेत्रभित्र राखिनु खेदजनक हुने नै भयो। जेहेन्दारितालाई कदर गर्दै दिने छात्रवृत्ति, संविधानप्रदत्त छात्रवृत्ति मासिक रूपमा लिने शैक्षिक शुल्कमा हुनुपर्छ।

यो छात्रवृत्तिले आर्थिक रूपमा कमजोर तर प्रतिभावान विद्यार्थीलाई अवसर प्रदान गर्दा अभिभावकको बोझ कम हुन्छ। यसले समानताको सिद्धान्तलाई संवर्द्धन गर्छ भने विद्यालयलाई सामाजिक उत्तरदायित्व वहन गर्ने अवसर पनि प्रदान गर्छ, तर अत्यधिक र अन्यायपूर्ण नियम लागु गर्दै गयो भने विद्यालय आफैं अपाङ्ग बन्छ। आर्थिक बोझले थिलथिलो भएको संस्थाले क्षमता प्रदर्शन गर्न सक्दैन।

हुन त कतैबाट, कुनै सरकारी निकायबाट एक रुपैयाँ सहायता नपाउने निजी विद्यालयलाई छात्रवृत्तिको बोझ बोकाउनु हुँदैन। सरकारी संस्थाहरूले त्यो छात्रवृत्ति प्रदान गरे बराबरको शुल्क नेपाल सरकारले सम्बन्धित संस्थालाई दिने चलन पनि छ, खासगरी विश्वविद्यालय तहमा। निजी विद्यालयले नेपाल सरकारले तोकेबमोजिम छात्रवृत्तिमा पढाउनुपर्ने हो भने राज्यले त्यति विद्यार्थी बराबरको योगदान विद्यालयलाई गर्‍यो भने न्यायपूर्ण हुन्छ र राज्यले आफ्नो नागरिकप्रतिको दायित्व निर्वाह गरेको ठहर्छ।

**ग) शिक्षकको योग्यता र सेवा सर्त**

विधेयकले निजी विद्यालयका शिक्षकहरूका लागि न्यूनतम योग्यता, तलब र सेवा सर्त तोक्ने व्यवस्था गरेको छ। यो प्रक्रियाले शिक्षकको न्यून वेतनको समस्याबाट मुक्त हुन पुगी जीवनस्तरमा सुधार, पेसाको गरिमामा वृद्धि, शिक्षण गुणस्तरमा सुधारको अपेक्षा गरिएको छ। शुल्क निर्धारणमा पनि नियन्त्रण र तलबमानमा पनि नियन्त्रण राख्दा निजी सञ्चालकको लगानीको मतलब नगर्दा सञ्चालकको चासो घट्ने हुन्छ।

एक्कासि आउने खर्चिला अवसर जसले विद्यालयलाई नयाँ आयाम दिन सक्ने हुन्छन्, ती हट्छन्। अत्यावश्यक खरिदमा समेत सम्झौता हुन सक्छ। अग्रिम योजना हुन नसक्ने तर निरन्तर गरिरहनुपर्ने क्रियाकलाप जुन अत्यन्त खर्चिला हुन्छन् ओफेलमा पर्छन्। यी कुराले नै हो— निजीमा बेग्लै स्वाद ल्याउने। यस्ता क्रियाकलाप र विविध कुरा नगर्दा बिस्तारै सामुदायिककै ढाँचा परिवर्तन हुँदा निजीको अस्तित्व नै रहँदैन। हेर्दा सामान्य तर गहन रूपमा लिँदा सेवा र सर्तमा अङ्कुश लगाउन पुगियो भने निजी विद्यालयको शिक्षा धरापमा अवश्य पर्छ। निजी विद्यार्थी शिक्षकलाई पारिश्रमिक राम्रै दिन्छन् र कतिले त सामुदायिकभन्दा पनि राम्रो दिन्छन्। त्यही बमोजिम समय पनि लिन्छन्। यस्तो अवस्थामा शिक्षकलाई फाइदा भन्दा नोक्सान धेरै हुन सक्छ।

**घ) क्रमिक रूपमा नाफारहित बनाउने कार्यक्रम**

यो सन्दर्भमा निजी विद्यालयहरू पटकपटक आन्दोलित भएका छन्। नेपाल सरकारले विद्यालयलाई प्रालि अन्तर्गत दर्ता गरी सञ्चालन गर्ने प्रावधान राखेको छ। अधिकांश विद्यालय प्रालिकै रूपमा सञ्चालित छन्। प्रशस्त आर्थिक लगानी गरेका छन् र प्रालिको नियमानुसार राज्यलाई कर तिरेका छन्। अवश्य पनि लगानी थोरै भए पनि प्रतिफलको अपेक्षा राख्छन्।

निजी विद्यालय यो अर्थमा सेवामुखी व्यवसाय नै भयो। व्यवसाय भएपछि नाफाको अपेक्षा हुनैपर्छ, अन्यथा सेवा राम्रो हुँदैन। प्रालिअन्तर्गत सञ्चालित विद्यालयलाई नाफारहित बनाउने भन्ने प्रस्ताव आफैँमा गिद्धे नजरबाहेक केही हुँदैन। बरु सम्पूर्ण निजी विद्यालयलाई लगानी बमोजिमको मुआब्जा दिएर सरकारी स्वामित्वमै परम्परागत शैलीमा सञ्चालन गर्दा उपयुक्त हुने देखिन्छ।

**समग्र विश्लेषण**

नयाँ शिक्षा विधेयकको मुख्य उद्देश्य शिक्षा क्षेत्रमा व्यापक सुधार गर्ने रहेको छ। यसले शिक्षालाई मौलिक अधिकारका रूपमा मान्यता दिँदै यसको व्यावसायीकरण रोक्ने प्रयास गरेको छ तर केही प्रावधानले निजी विद्यालयहरूको सञ्चालनमा गम्भीर चुनौती सिर्जना गर्न सक्ने सम्भावना रहेको छ। अत्यधिक नियन्त्रणले स्वायत्ततामा बाधा पुर्‍याउँछ, प्रशासनिक जटिलता ल्याउँछ। नवीन र अनुसन्धानात्मक कार्यमा बाधा पुग्छ, फलस्वरूप गुणस्तरमा ह्वात्तै गिरावट आउँछ। निजी विद्यालयलाई हेरिने विरोधी दृष्टिकोणको बदला सहकार्य र सहअस्तित्वको दृष्टि बोक्नु आवश्यक छ। प्रालिलाई प्रालिकै मर्म अनुसार सञ्चालन गर्न प्रेरित गरिनुपर्छ।

**सुझाव**

यस विधेयकलाई अझ प्रभावकारी बनाउन सकिन्छ। नियमन प्रक्रियामा निजी विद्यालयको सक्रिय सहभागिता गराउँदै छात्रवृत्ति कोटा पूरा गर्ने विद्यालयलाई प्रोत्साहनसहित कर छुट र अनुदानको व्यवस्था गर्ने र शुल्क पारिश्रमिक निर्धारण वैज्ञानिक र गतिशील हिसाबले गर्न विद्यालयलाई नै जिम्मा दिने तर नियमन गर्न सहयोग गर्ने गरी तय गरिनुपर्छ। विद्यालयमा भएको लगानी, उपलब्ध सुविधा र खर्चिने समय समेतको लेखाजोखा गरी शुल्क निर्धारण गरिनुपर्छ। सामुदायिक र निजी विद्यालय बिचको दूरी घटाई साझेदारी र सहकार्यको वातावरण निर्माण गरिनुपर्छ।

**निष्कर्ष**

नेपालको शिक्षा क्षेत्रमा सुधार आवश्यक छ। नयाँ शिक्षा विधेयकले यस दिशामा एउटा सकारात्मक कदम चाल्ने प्रयास गरेको छ, तर यसलाई अझ व्यावहारिक रूपमा परिमार्जन आवश्यक छ। निजी विद्यालयहरूलाई समस्याको अङ्ग होइन, समाधानको अङ्ग मानेर योजना बनाइनुपर्छ। सरकार र निजी क्षेत्रबिचको सहकार्यले मात्र नेपालको शिक्षा प्रणालीलाई सुधार्न सकिन्छ। शिक्षा राष्ट्रको आधारस्तम्भ हो। यसलाई मजबुत बनाउन सबैको सहयोग आवश्यक छ। नयाँ शिक्षा विधेयकलाई एउटा सहकार्यात्मक दस्तावेजका रूपमा विकसित गर्न सबै पक्षले मिलेर काम गर्नु आवश्यक छ। यसैबाट मात्र नेपालको शिक्षा प्रणाली सबैका लागि सुलभ, सस्तो र गुणस्तरीय बन्न सक्नेछ।

# सडकमा पोखिंदै थरीथरीका असन्तुष्टि किन समाधान खोज्दैन सरकार ?

**रमेश ढुंगेल**

काठमाडौं, १९ भदौ । संघीयताले गाउँगाउँमा सिंहदरबार पुगेको बखान चलिरहँदा सामान्य भन्दा सामान्य माग लिएर विभिन्न संघ–संस्था र समूह काठमाडौं ओइरिने क्रम रोकिएको छैन। उखुका लाँक्रा टेकेर सिंहदरबारलाई धारे हात लगाउनेदेखि सडकमा दूध पोखेर पुलिससँग घम्सा–घम्सीमा उत्रने किसानका कथा–व्यथा वर्षेनी बल्भिने गरेका छन्। अभ सूर्योदयदेखि सुर्यास्तसम्म खाली सिसी, पुराना र कागजको खोजीमा हिँड्ने कवाडी व्यवसायीले त्यस्तै असन्तुष्टि पोखेर काठमाडौं महानगर नेतृत्वलाई घेराबन्दी गर्दै आएका छन् ।

पाँच महिनाअघि स्कुलको ढोका बन्द गरेर पेशागत मागका लागि २९ दिनसम्म सडकलाई नै नाना, खाना र छानाको शिविर बनाएका शिक्षकहरुको दैनिकीको सम्भना पुरानो भइसकेको छैन। सरकार र शिक्षक महासंघबीच गत असार १५ गते भित्र नै शिक्षकका माग समावेश गरी ऐन जारी गर्ने सहमति भए पनि अहिलेसम्म विधेयक परित हुन सकेको छैन ।

सरकारले यहि भदौ २५ गते बस्ने प्रतिनिधिसभा बैठकमा उक्त विधेयक पारित गर्ने तयारी गरिरहँदा महासंघ भने उक्त विधेयकमा महासंघका माग सम्बोधन नभएको ठहरसहित राष्ट्रपतिदेखि राजनीतिक दलका केन्द्रीय कार्यालयमा धर्नासहित ध्यानाकर्षण पत्र बुभाउँदै हिँडेको छ। महासंघले भदौ २१ गतेसम्म आफ्ना माग सम्बोधनको सुनिश्चितता नभए सडक प्रदर्शनदेखि विद्यालय बन्दसम्मको चेतावनी दिइसकेको छ ।

शिक्षक मात्र होइन, निजी विद्यालय सञ्चालकहरु पनि शिक्षा विधेयकमा रहेका केही प्रावधान हटाउनु पर्ने माग राख्दै आन्दोलनमा छन्। विधेयकमा रहेको निजी विद्यालयहरुलाई गैर–नाफामूलक बनाउँदै लगिने र पूर्ण छात्रवृत्ति भन्ने प्रावधान हटाउनुपर्ने उनीहरुको माग छ। यता, काठमाडौं महानगरपालिकाले गरिखान नदिएको र आतंक मच्चाएको भन्दै कवाड व्यवसायी पनि आन्दोलनमै छन्। उनीहरुले निर्वाध कवाड व्यवसाय गर्न पाउनुपर्ने र नगर प्रहरीको आतंक बन्द हुनुपर्ने माग गर्दै आएका छन्। संविधानले दिएको पेसा व्यवसाय गर्न पाउने हकको ग्यारेनटी हुनुपर्ने उनीहरुको माग छ ।

यसैगरी, उखुमा सरकारले घोषणा गरेको अनुदान रकम आधा कटौती गरेर प्रतिक्विन्टल ७० रुपैयाँबाट ३५ रुपैयाँमा भारेपछि उखु किसान असन्तुष्ट छन्। यहि भदौ ८ देखि एक हप्ता माइतीघरमा धर्ना दिएका उनीहरु बसाइ खर्च धान्न नसक्ने भएपछि सरकारलाई १० दिनको अल्टिमेटमको सूचना दिएर जिल्ला फर्किएका छन्। भदौ २५ गतेसम्म मागको सुनुवाइ नभए अनिश्चितकालीन पूर्व–पश्चिम राजमार्ग ठप्प पार्ने उनीहरुको घोषणा छ।

वर्षा र खेतीपातीको समयमा खेतबारीमा हुनुपर्ने किसान अनुदान र भुक्तानी माग्दै सडकमा आउनु पर्ने अवस्था सिर्जना हुनु कृषि प्रधान मुलुकका लागि सुहाउँदो विषय होइन। सडकमा उखु किसानले आन्दोलन गरिरहँदा संसदमा पनि यो विषयले प्रवेश नपाएको होइन। सत्ता पक्षदेखि विपक्षी दलका नेताहरु सडकदेखि सदनसम्मै किसानको पक्षमा वकालत गरिरहेका छन्। तर देख्नेहरुले भने नेताहरुको यो शैलीलाई भोलिका लागि भोटको जोहोको रुपमा मात्रै बुभेका छन् ।

उखु किसान जिल्ला फर्किएकै दिन दुग्ध किसानले दूग्ध विकास संस्थान (डीडीसी) को लैनचौरस्थित कार्यालयमा धर्ना दिए। दूधको मूल्य भुक्तानी माग गर्न डीडीसी पुगेका किसानले सुरक्षाकर्मीको ठेलमठेल सहनुपर्यो। यसको दुई दिनपछि बुधबार सरकार र आन्दोलनरत दुग्ध संघ–संस्थाहरुबीच भएको वार्तामा कात्तिक मसान्तभित्र सम्पूर्ण बक्यौता चुक्ता गर्ने सहमति भएपछि आन्दोलनका कार्यक्रम रोकिएको छ।

प्रत्येक दिन विभिन्न समूहका आन्दोलनका कारण काठमाडौं उपत्यका अस्तव्यस्त हुँदा पनि सरकार भने माग पूरा गर्न र समस्या समाधानका लागि तयार भएको देखिँदैन। सकेसम्म थामथुम र टालटुल पार्ने रणनीतिमै रहने गरेको छ। कुनै समय टायरको मुस्लो बालेर सर्वत्र ठप्प बनाएपछि सरकारको कान खुल्ने विश्वास गरिने शैलीमा अभै तात्विक परिवर्तन आएको छैन्।

सरकारसँग जति कम गुनासो हुन्छ, त्यति विधिको शासन फक्रिएको मानिन्छ। सडकमा रमिता रोपेर, सिंहदरबार शक्तिशाली भएको ठान्नु मोटाउनु नभएर सुन्निनु मात्र हुनेछ। यसतर्फ सरकारका सारथीहरुको ध्यान जान जरुरी छ।

# टिकटकर साहलाई ५ हजार धरौटीमा रिहा गर्न अदालतको आदेश

पर्सा, १९ भदौ। संघीय खानेपानीमन्त्री प्रदीप यादवलाई टेलिफोनबाट ज्यान मार्ने धम्की दिएको आरोपमा पक्राउ परेकी टिकटकर किरण साहलाई ५ हजार रुपैयाँ धरौटीमा रिहा गर्न अदालतले आदेश दिएको छ। जिल्ला अदालतका स्रेस्तेदार प्रभाकर कुमार मल्लिकका अनुसार न्यायाधीश कमलकान्त जोशीको इजालासले बिहीबार थुनछेक बहसपछि साहसँग ५ हजार रुपैयाँ धरौटी माग गरेको हो। पर्सा प्रहरी प्रवक्ता डीएसपी किशोर लम्सालले अदालतको प्रक्रिया टुंग्याएर उनी जिल्ला प्रहरी कार्यालयमा आएर आफ्नो सरसामान लिएर जान सक्ने बताए। पर्सा प्रहरीले साहलाई बिहीबार थुनछेक बहस प्रयोजनका लागि जिल्ला अदालतमा पेस गरेको थियो। साहलाई शनिबार पर्सा प्रहरीले नियन्त्रणमा लिएको थियो ।

बारा कलैया उपमहानगरपालिका– २६ घर भई हाल वीरगन्ज महानगरपालिका–१३ मुर्लीमा बस्दै आएकी साहले वीरगन्जमा हैजा सङ्क्रमण फैलिएको र आफ्नो परिवारजन अस्पतालमा भर्ना भएको तर मन्त्री यादवले हैजा नियन्त्रणका लागि कुनै प्रयास नगरेको आरोप लगाउँदै टेलिफोनबाट गालीगलौज गरेकी थिइन्। मन्त्री यादवका स्वकीय अधिकृत हरेन्द्र साहको जाहेरीका आधारमा घटनापछि पर्सा प्रहरीले शनिबार साहलाई नियन्त्रणमा लिएको थियो। साहविरुद्ध साइबर क्राइम, संघीय सांसदलाई ज्यान मार्ने धम्की र भुटा अफवाह फैलाएको गरी तीन कसुरमा मुद्दा दर्ता गरी जिल्ला अदालतबाट दुई पटक अनुसन्धानका लागि भन्दै तीन–तीन दिनको म्याद लिइको थियो ।

# बालश्रमिक खोज्दै चन्द्रपुर नगरपालिका

**प्रवीण कुमार शर्मा**

रौतहट, १९ भदौ। रौतहटको चन्द्रपुर नगरपालिकाले बालश्रममुक्त पालिका घोषणा गर्ने अभियानलाई तीव्र रुपमा अगाडि बढाएको छ। आर्थिक वर्ष २०८२/०८३ भित्र बालश्रममुक्त नगरपालिका घोषणा गर्ने नीति अनुसार चन्द्रपुरका विभिन्न होटल तथा ग्यारेजहरूमा अनुगमन गरी बालश्रमिकहरुको खोजी सुरु गरिएको चन्द्रपुर नगरपालिकाका नगर उपप्रमुख जयमाला चौधरीले जानकारी दिनुभयो। होटल तथा ग्यारेजहरूमा फेला परेको बालश्रमिकलाई घर पठाउने कार्य अगाडि बढाइएको उहाँले बताउनुभयो ।

१८ वर्ष मुनिका बालबालिकालाई कानुन विपरित चन्द्रपुरका बिभिन्न होटेल तथा ग्यारेजहरुमा काममा लगाइएकाले पहिलो प्राथमिकतामा होटेल तथा ग्यारेजहरुबाट बालश्रमिक हटाउने अभियान थालिएको नगर स्तरिय बाल अधिकार समिति सदस्य तथा मनोसामाजिक परामर्शकर्ता सिर्जना तिमल्सिनाले जानकारी दिनुभयो। बारम्बारको अनुगमनपछि होटेल तथा ग्यारेजहरुमा पहिलाको तुलनामा बालश्रमिक घटेको उहाँले बताउनु भयो ।

चन्द्रपुर नगरपालिका ४ मा गठित वडास्तरीय बालअधिकार समिति, नगरस्तरीय बालअधिकार समिति तथा छोरी संस्थाको सहकार्यमा विभिन्न होटेल तथा ग्यारेजहरुमा अनुगमन गर्दा १८ वर्ष मुनिका बालबालिकालाई पनि श्रममा लगाइएको तथा दैनिक १८ घण्टासम्म काम गराउने गरेको अवस्था रहेको मनोसामाजिक परामर्शकर्ता तिमल्सिनाले बताउनुभयो ।

त्यस्तै बालबालिकालाई सडकमा माग्न पठाउने अभिभावकहरुलाई यसबाट हुने सम्भावित जोखिम तथा अधिकारबाट बन्चित हुने र त्यसबाट हुने दीर्घकालीन असर बारे जानकारि गराउँदै आगामी दिनमा परिवारबाट आफ्ना बालबालिकाको लागि पोषण अनि शिक्षाको अधिकारबाट बन्चित नगराउने प्रतिबद्धता गराउने गरेको उहाँले बताउनुभयो ।

बालसंरक्षणको क्षेत्रमा चन्द्रपुर नगरपालिकाको वडा नं. ४, ७, ९ र १० मा काम गर्दै आएको छोरी संस्थाले बालश्रमिकलाइ श्रम मुक्त गराएर बिद्यालयमा पठनपाठनमा सक्रिय पार्न ड्रेस, कापी, कलम समेत उपलब्ध गराउने गरेको चन्द्रपुर नगरपालिकाका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख चन्द्रकला बरालले जानकारी दिनुभयो । बालश्रम अन्त्य गर्दै चन्द्रपुर नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउनको लागि नगरपालिकाले प्रत्येक वडामा बालाधिकार समिति गठन गरेको र यसलाई सक्रिय पारिएको उहाँले बताउनुभयो ।

# क्षयरोगले आक्रान्त बन्दै बर्दिवास

**रवीन्द्र उप्रेती**

बर्दिवास, १९ भदौ। बर्दिवास नगरपालिका क्षयरोगले आक्रान्त बनेको छ। नगरपालिकाको सबैजसो वडामा क्षयरोगका बिरामी भेटिएका छन्। त्यसमध्ये वडा नं ८ हात्तीलेट क्षेत्रममा क्षयरोगीको बढ्दो संख्या छ जसले गर्दा सन् २०५० सम्म नेपाललाई क्षयरोग मुक्त राष्ट्र बनाउने अभियानको प्रभावकारितामाथि प्रश्न खडा गरेको छ। नगर स्वास्थ्य शाखाका अनुसार ०८१ साउनदेखि ०८२ साउनसम्मको अवधिमा बर्दिबास नगरपालिकाको १४ वटै वडामा गरी १४५ जना क्षयरोगी पहिचान गरिएको छ। यसमध्ये वडा नं ८ हात्तीलेट क्षेत्रमा एकपछि अर्को २२ जना क्षयरोगी फेला परेपछि क्षयरोगमुक्त राष्ट्र बनाउने अभियानमा चुनौती थपेको स्वास्थ्यकर्मीले जनाएका छन्। क्षयरोगीको अधिक चाप रहेको हातिलेट स्वास्थ्य चौकीमा बागमती सेवा समाजको आयोजना र महोत्तरी क्षयरोग टिमको सहयोगमा विशेष स्वास्थ्य शिविरको आयोजना गरिएको थियो ।

यसबिच, वडा नं ७ र ११ मा क्षयरोगले तीन जनाको मृत्यु भएपछि अवस्था गम्भीर बनेको जनाइएको छ। नगर स्वास्थ्य शाखाका अधिकृत रामबाबु यादवका अनुसार हिजो साँभसम्म चलेको शिविरमा अत्याधुनिक प्रविधिबाट १२३ जना गाउँलेको सामूहिक स्क्रिनिङ गरिएको थियो। स्क्रिनिङ गराएकामध्ये २२ प्रतिशत अर्थात् २८ जनामा क्षयरोगको शङ्का देखिएको यादवले बताउनुभयो। यादवले भन्नुभयो, "शंकास्पद २८ मध्ये पनि १४ जनाको अवस्था थप गम्भीर देखिएको छ।"

क्षय रोगीको यो प्रतिशतले वडाध्यक्ष शमशेर सिंह लामालाई पनि चकित पारेको छ। उहाँले भन्नुभयो, "क्षयरोगीको यो प्रतिशत भयावह हो।" वडाध्यक्ष लामाका अनुसार वडा नं ८ मा करिब १४ सय परिवारको बसोबास छ। यसमध्ये दलित र जनजातिको संख्या उल्लेख्य छ। स्वास्थ्य चेतना छँदै छैन। जीवनशैली र खानपान पनि अस्वस्थकर छ। यस्ता अनेकन कारणले टीबी, कालाजार लगायतका बिरामी चुनौतीपूर्ण बन्दै गएको उहाँको भनाइ छ। "घरेलु मदिराको जथाभावी सेवन क्षयरोगी बढनुको प्रमुख कारण हुन सक्छ" वडाध्यक्ष सिंहले भन्नुभयो, "अपर्याप्त र अस्वस्थ भोजन त गरिबको नियति नै भयो।"

शिविरले आज जारी गरेको रिपोर्टमा पनि शङ्कास्पद २८ क्षयरोगीमध्ये जनजाति र दलित समुदायको संख्या २४ देखिएको छ। शङ्कास्पद सबै बिरामीको खकार परीक्षणका लागि प्राथमिक स्वास्थ्य केन्द्र गौशला पठाइएको नगर स्वास्थ्य अधिकृत यादवले बताउनुभयो। नगरप्रमुख प्रहलाद क्षेत्रीले सामुदायिक तहमा यस्ता शिविरले समयमै रोग पत्ता लगाउन र उपचार थाल्न सहज हुने भएकाले क्षयरोग नियन्त्रणमा ठुलो योगदान पुग्ने बताउनुभयो ।

# सामाजिक सञ्जाल सूचीकृत हुँदा कम्पनी, प्रयोगकर्ता र सरकार सबैलाई फाइदा : मन्त्रालय

काठमाडौं, १९ भदौ। नेपाल सरकारको ऐन कानून कार्यान्वयनका लागि सामाजिक सञ्जालको सूचीकरण आवश्यक छ। सरकारले पटक पटक सामाजिक सञ्जाललाई दर्ता प्रक्रियामा आउन अनुरोध गर्दा पनि केही सामाजिक सञ्जालले सूचीकरणमा अटेरी गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवम् प्रवक्ता गजेन्द्र ठाकुरले जानकारी दिनुभयो।

**२६ वटा सामाजिक सञ्जाल निष्क्रिय हुँदै**

सरकारले सूचीकृत हुन नआएका सबै सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको हो। नेपालमा सञ्चालनमा रहेका सबै सामाजिक सञ्जाल कम्पनीहरू सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको सामाजिक सञ्जाल व्यवस्थापन एकाइमा अनिवार्य रूपमा सूचीकृत हुनपर्ने भनेपनि २६ भन्दा बढी सामाजिक सञ्जालले सूचीकृत गर्न प्रक्रियामा आएका छैनन। नेपालमा मुख्य रूपमा फेसबुक, एक्स, युट्युब, ह्वाट्सएप, इन्स्टाग्राम, लिङ्कडइन, स्न्यापच्याट लगायतका सामाजिक सञ्जालले दर्ता प्रक्रियामा आउन अटेर गरेको मन्त्रालयले जनाएको छ। अहिलेसम्म टिकटक, भाइबर, निम्बुज, वीटक र ओपोलाइट गरी ५ वटा प्लेटफर्म सूचीकरण भइसकेका छन्। टेलिग्राम र ग्लोबल लिङ्क दर्ताको प्रक्रियामा छन्।

**सामाजिक सञ्जाल प्लेटफर्महरू सूचीकृत हुन किन आवश्यक छ त ?**

सरकारको ऐन कानून कार्यान्वयनका लागि सामाजिक सञ्जाल नियमनको दायरामा आउन आवश्यक छ। सामाजिक सञ्जालको उत्तरदायित्व बहनका लागि पनि सूचीकरण आवश्यक छ। सर्वोच्च अदालतले परमादेश जारी गरी सामाजिक सञ्जाललाई कानूनी दायरामा ल्याउन निर्देशन दिएकोले सरकारले त्यसको पालना गर्न लागेको हो। सामाजिक सञ्जालमार्फत भइरहेका विकृति विसङ्गतिविरुद्ध नियमन गर्न र संयुक्त पहल थाल्न पटक–पटक अनुरोध गर्दा पनि दर्ता प्रक्रियामा आएनन्। विभिन्न सामाजिक सञ्जालमार्फत भइरहेको साइबर अपराधको अनुसन्धानमा सहयोग गर्न पनि सरकारले यो प्रक्रिया अघि बढाएको हो। निष्क्रिय हुने सामाजिक सञ्जालहरू दर्ता प्रक्रियामा आउनेबित्तिकै फेरि सक्रिय हुने पनि प्रवक्ता ठाकुरले

–बाँकी अन्तिम पेजमा

# झुम्का कारागारमा ज्वरोको प्रकोप : ३ जनाको मृत्यु, ४०० बढी बिरामी




विराटनगर, १९ भदौ। सुनसरीको झुम्का कारागारमा पछिल्लो चार दिनको अन्तरमा तीन जना कैदीबन्दीको मृत्यु भएको छ। भाइरल ज्वरोको प्रकोप फैलिएको कारागार रहेका एक जना बन्दीको बुधबार साँझ मृत्यु भएको थियो। आइतबार र सोमबार पनि एक/एक जनाको मृत्यु भएको थियो। मृतक तीनमध्ये दुई जनामा एउटै समस्या थियो, उच्च ज्वरो र श्वासप्रश्वासमा समस्या।

निमित्त जेलर राम निरौलाका अनुसार बुधबार बेलुका सप्तरीको राजविराज–८ घर भई झुम्का कारागारमा रहेका बन्दी ४६ वर्षीय जलेश्वर यादवको मृत्यु भएको हो। यादवलाई उच्च ज्वरो र श्वास प्रश्वासमा समस्या आएपछि बुधबार साँझ जिल्ला अस्पताल इनरुवामा भर्ना गरिएको थियो। जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका उनको उपचरका क्रममा मृत्यु भएको हो।

जेलर निरौलाका अनुसार भदौ १५ गते रामदेव उराउको मृत्यु भएको थियो। भदौ १६ गते सागर राईको मृत्यु भएको हो। उराउ कर्तव्य ज्यान र राई लागुऔषध मुद्दामा कैद भुक्तान गरिरहेका थिए। उराउमा उच्च ज्वरो र श्वासप्रश्वासको समस्या थियो। राई भने शरीर नचलेका कारण केहीदिनदेखि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचाररत थिए।

**ज्वरोको प्रकोप**

झुम्का कारागारको ब्लक 'ए' र 'बी' गरी १ हजार ७ सय ९५ जना कैदीबन्दी छन्। तीमध्ये ४०० बढीमा ज्वरोको समस्या छ। जेलर निरौलाका अनुसार ती मध्ये १९ जनालाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ।कारागार प्रशासनले ६ जनालाई उपचारका लागि पठाएको थियो। ज्वरोको प्रकोप फैलिएपछि पुगेको स्वास्थ्यकर्मीको टोलीले बुधबार राति थप १३ जनालाई उपचारका लागि पठाएको थियो। 'अलिक बढीलाई नै ज्वरो देखिएपछि जिल्ला अस्पताल इनरुवा र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपासँग सहकार्य गरेर भित्र शिविर जस्तै चलाइयो', जेलर निरौलाले भने, 'चिकित्सकको टोली भाइरल ज्वरो हो भन्ने निष्कर्षमा पुग्नु भएको छ,अहिले आत्तिनुपर्ने अवस्था छैन।'

उनले थप जाँच पनि भइरहेको बताए। बुधबारको तुलनामा बिहीबार ज्वरोका बिरामीको संख्या केही कम भएको बताए।

# सामाजिक सञ्जालले अहिलेसम्म सरकारलाई तिरे ९३ करोड कर

काठमाडौं, १९ भदौ। नेपालमा सञ्चालनमा रहेका सामाजिक सञ्जालहरूबाट सरकारले ९३ करोड रुपैयाँ बराबर कर संकलन गरेको छ। डिजिटल सर्भिस ट्याक्स र मूल्य अभिवृद्धि कर (भ्याट) बापत उक्त रकम बराबर कर तिरेको आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले जानकारी दिए।

सरकारले आर्थिक वर्ष २०७९/८० देखि सामाजिक सञ्जालहरूबाट डिजिटल सर्भिस ट्याक्स उठाउन सुरु गरेको थियो। पहिलो वर्ष कर संकलन कम थियो। दोस्रो वर्ष ५० करोड हाराहारी राजस्व संकलन भएको उनले जानकारी दिए। यस वर्षसम्म ९३ करोड रुपैयाँ राजस्व संकलन भएको विभागको तथ्यांक छ।

गैरवासिन्दा व्यक्ति तथा कम्पनीले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाबापत कर तिर्नुपर्ने प्रावधान सरकारले आर्थिक विधेयक २०७९ मार्फत ल्याएको थियो। पछिल्लो प्रावधान अनुसार सरकारले वार्षिक ३० लाखसम्मको कारोबारमा छुट दिएको छ। त्यसभन्दा बढीको कारोबारमा भने कर लाग्ने प्रावधान छ।

पछिल्लो तथ्यांक अनुसार विद्युतीय सेवा करमा झन्डै दुई दर्जन सामाजिक सञ्जाल दर्ता भइसकेका छन्। जसमा गुगल एसिया प्यासिफिक, मेटा प्ल्याटफर्म आयरल्यान्ड, गुगल आयरल्यान्ड, टिकटक प्रालि, नेटफ्लिक्स, माइक्रोसफ्ट, अमेजन, एप्पलजस्ता कम्पनीका क्षेत्रीय शाखा दर्ता भई नियमित कर तिर्न थालेका छन्। यस्ता कम्पनीले कारोबारको २ प्रतिशत कर तिर्नुपर्ने प्रावधान छ।

*सामाजिक सञ्जाल...*

बताउनुभयो।

**सूचीकृत हुँदा के फाइदा ?**

**प्रयोगकर्तालाई फाइदा–** कन्टेन्ट क्रिएटरले प्राप्त गर्दै आएको लाभमा कुनै समस्या नआउने

**सामाजिक सञ्जाललाई फाइदा–** लोकप्रियता बढ्ने, विश्वासको वातावरण सिर्जना हुने, व्यापार व्यवसाय बढ्ने र कानून बमोजिम सबै सुविधा उपलब्ध हुने

**सरकारलाई फाइदा–** व्यवस्थित र नियमन गर्नका लागि सहकार्य गरेर अघि बढ्ने, साइबर अपराध भएमा त्यसको अनुसन्धानका लागि पनि संयुक्त पहल गर्न सक्ने

नेपालभित्र सञ्चालनमा रहेका सबै सामाजिक सञ्जाल दर्ता हुनुपर्छ। ती प्ल्याटफर्मले सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीसमेत तोक्नुपर्नेछ। यदि अब कसैले नेपालमा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहन्छ भने सम्बन्धित कम्पनी/संस्थाले पनि 'सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्ने निर्देशिका २०८०' अनुसार सूचीकरण गर्नुपर्नेछ। अहिलेसम्म सरकारले ५ पटक यस्तो सूचना जारी गरिसके पनि सम्बन्धित कम्पनीहरूले खासै चासो देखाएको पाइएन। विगतमा टिकटक बन्द गरेपछि सम्पर्कमा आएको थियो। अहिले टिकटकले पर्यटन बोर्ड, शिक्षा क्षेत्रलगायतमा विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग सम्झौता गरी काम गरिरहेको छ।

# कमला पुल निर्माणमा ढिलासुस्ती नगर्न ध्यानाकर्षण

सिरहा, १९ भदौ। सिरहा र धनुषा जोड्ने कमला नदीमाथिको हुलाकी सडकअन्तर्गतको बहुप्रतिक्षित पुल निर्माणमा लामो समयदेखि भइरहेको ढिलासुस्तीप्रति धनुषा, सिरहा र सप्तरी जिल्लाका स्थानीय तह प्रमुखले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्। कमला नगरपालिकाका प्रमुख विशेश्वर यादवको अध्यक्षतामा आज सम्पन्न अन्तरक्रियामा ती जिल्लाका नगरप्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको उपस्थितिमा पुल निर्माणमा भइरहेको अलपत्र अवस्थाबारे छलफल गरिएको हो। कार्यक्रममा सहभागी स्थानीय तहका प्रतिनिधिले हालको डिजाइनमा कमला पुल निर्माण सम्भव नभएको निष्कर्ष निकाल्दै अब नयाँ डिजाइन, इस्टिमेट र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी पुनःनिर्माण प्रक्रिया सुरु गर्नुपर्नेमा जोड दिएका छन्।

पुलको मर्मतसम्भार तथा पुनःनिर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी अल्पकालीन र दीर्घकालीन समाधान खोज्न पनि सहभागीले एकमत भएर निर्णय गरेको बरियापट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष महतोले जानकारी दिए। विसं २०६८ मा सुरु भएको पुल निर्माण अहिलेसम्म पनि अधुरै रहँदा स्थानीय जनताको दैनिकीमा ठूलो असर परेको छ। बाढी, लापरवाही र ठेकेदारको गैरजिम्मेवारीले निर्माण प्रक्रिया पटकपटक अवरुद्ध भएको हो। पप्पु कन्स्ट्रक्सन र पछि लुम्बिनी विल्डर्सले जिम्मा लिँदा पनि समयमा काम पूरा गर्न नसकेको जनाउँदै अब जिम्मेवार र सक्षम निर्माण कम्पनीमार्फत काम अगाडि बढाइनुपर्ने आवाज पनि उठेको छ।

अन्तरक्रियामा जनकपुर उपमहानगर प्रमुख मनोजकुमार साह, बलान बिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, डाक्नेश्वरी नगरपालिकाका प्रमुख रामलखन मलाह, औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, बरियापट्टी गाउँपालिका अध्यक्ष महतो, भवगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलगायत प्रतिनिधिहरूले यसपटक पुल निर्माणमा कुनै ढिलासुस्ती सह्य नहुने स्पष्ट पारेका छन्। बरियापट्टी गाउँपालिका अध्यक्ष महतोले भने, 'अब जिल्लास्तरीय अन्तरक्रियासमेत गर्दै निर्माण कार्य सुरु गराउन दबाब सिर्जना गरिनेछ।' पुल नहुँदा बर्सेनि बाढी, आर्थिक गतिविधिमा बाधा, विद्यार्थीको पढाइ, बिरामीको आवतजावतजस्ता विषयमा स्थानीयले सास्ती भोग्दै आएका छन्।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)